स्वदेशी लघुवित्त
वित्तीय संस्था लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रियस्तरको संस्था)
केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी
सजिलो लघु बैंकिङ्ग

च.न : ३७/०७५/७६(कम्पनी सचिव) मितिः २०७५/०८/०९

श्री नेपाल स्टक एक्सचेन्ज लिमिटेड,
सिंहदरबार प्लाजा, काठमाण्डौं ।

विषय :- **साधारण सभा तथा बुक क्लोजको जानकारी सम्बन्धमा ।**

महोदय,

उपरोक्त सम्बन्धमा मिति २०७५/०८/०७ गते बसेको यस संस्थाको सञ्चालक समितिको ६६ औं बैठकमा संस्थाको चौथो वार्षिक साधारण सभा २०७५ साल पौष महिनाको ०६ गते, शुक्रबारको दिन सम्पन्न गर्ने निर्णय भएको व्यहोरा जानकारीका लागि अनुरोध छ । साथै, उक्त प्रयोजनका लागि मिति २०७५/०८/२१ देखि मिति २०७५/०९/०६ सम्म शेयरधनी दर्ता किताब बन्द (बुक क्लोज) गर्ने निर्णय समेत भएको र सो सम्बन्धी विस्तृत सूचना मिति २०७५/०८/०९ गते नागरिक दैनिक पत्रिकामा प्रकाशित गरिएको व्यहोरा जानकारीका लागि अनुरोध छ ।

धन्यवाद !

भवदीय,

२०७५/०८/०९

**अशोक सुवेदी**
कम्पनी सचिव

***संलग्न :*** *चौथो वार्षिक साधारण सभाको सूचना ।*

**बोधार्थ:**

१. श्री नेपाल धितोपत्र बोर्ड,
जावलाखेल, ललीतपुर ।

२. श्री सीडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,
पुतलिसडक, काठमाडौं ।

फोन : ०२५-५८७६२०/६२१ फ्याक्स : ०२५-५८७६१९, ई-मेलः info@swadeshibank.com वेबः www.swadeshibank.com

# स्वदेशी लघुवित्त
## वित्तीय संस्था लिमिटेड

(नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त 'घ' वर्गको राष्ट्रियस्तरको संस्था)

केन्द्रीय कार्यालय : ईटहरी, सुनसरी

स्वदेशी

सजिलो लघु बैंकिङ्ग

# चौथो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७५/०८/०९)

आदरणीय शेयरधनी महानुभावहरु,

मिति २०७४/०८/०७ गते बसेको सञ्चालक समितिको ६६ औं बैठकको निर्णयानुसार यस वित्तीय संस्थाको चौथो वार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा तपसिलका विषयहरु उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारी तथा उपस्थितिको लागि हार्दिक अनुरोध छ।

**सभा हुने मिति, समय र स्थान**

**मिति**: २०७५/०९/०६ (तद्नुसार 21st Dec, 2018), शुक्रबार

**समय**: ११:०० बजे (बिहान)

**स्थान**: होटल पाथिभराको सभाहल, इटहरी-९, सुनसरी।

**छलफल तथा निर्णयका लागि निर्धारित विषय सूचि**

**क) सामान्य प्रस्ताव**

१. आर्थिक वर्ष २०७४/७५ को सञ्चालक समितिको प्रतिवेदन पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७५ अषाढ मसान्त सम्मको वासलात र आ.व. २०७४/७५ को नाफा-नोक्सान हिसाव तथा नगद प्रवाह विवरण लगायतका वार्षिक वित्तीय विवरणहरु (अनुसूचीहरु समेत) उपर छलफल गरी स्वीकृत गर्ने।

३. आर्थिक वर्ष २०७५/७६ को लागि बाह्य लेखापरीक्षक नियुक्त गर्ने र निजको पारिश्रमिक तोक्ने (हाल बहालवाला लेखापरीक्षक श्री के. जे. एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टस् नियुक्तिका लागि योग्य रहेको)।

**ख) विशेष प्रस्ताव**

१. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट प्रतिनिधित्व गर्नुहुने १ जना सञ्चालकको निर्वाचन गर्ने।

२. यस लघुवित्त वित्तीय संस्था तथा अन्य कुनै उपयुक्त लघुवित्त वित्तीय संस्था एक आपसमा मर्ज ( गाभ्ने/गाभिने) वा एक्विजीसन गर्ने/गराउने अधिकार सञ्चालक समितिलाई प्रदान गर्ने।

३. सञ्चालकहरुको भत्ता तथा सुविधाहरुमा समयानुकुल परिमार्जन गर्ने।

४. वित्तीय संस्थाको प्रबन्धपत्र र नियमावलीमा आवश्यक संशोधन र सो संशोधन स्वीकृतिको क्रममा नियमनकारी निकायबाट कुनै फेरबदल, थपघट गर्न निर्देशन वा सुझाव भएमा सोहि बमोजिम गर्न सञ्चालक समितिलाई वा सञ्चालक समितिले तोकेको पदाधिकारीलाई अख्तियारी प्रत्यायोजन गर्ने।

ग) विविध।

**पुनश्चः** अन्य थप जानकारीको लागि संस्थाको वेब साईट www.swadeshibank.com मा हेर्नुहुन वा संस्थाको केन्द्रीय कार्यालयमा सम्पर्क राख्नुहुन।

**सञ्चालक समितिको आज्ञाले,**

**कम्पनी सचिव**

मिति २०७५/०८/०५ मा नागरिक दैनिक पत्रिकामा प्रकाशित

स्वदेशी लघुवित्त वित्तीय संस्था लि.